# स्थानीय राजपत्र

गोलन्जोर गाउँपालिका, ग्वालटार, सिन्धुलीद्वारा प्रकाशित

| खण्ड २ | संख्या २ | मितिः २०७५/११/२१ |
|---|---|---|

## भाग - २

## गोलन्जोर गाउँपालिका

## सूचना

**सम्वत् २०७५ सालको कार्यविधि संख्या २**

# क्षेत्रगत अनुदान वितरण कार्यविधि, २०७५

**प्रस्तावनाः** यस गाउँपालिकाको गाउँ सभाबाट पारित क्षेत्रगत विकास तथा लगानीलाई व्यबस्थित र नतिजामूलक  प्रतिफल मुखि बनाउँने उद्देश्य, मर्म र भावना बमोजिम अनुदान  वितरण कार्यविधि बनाउन बाञ्छनिय भएकोले,अनुदान नेपालिको संविधान २०७२ को अनुसूचि ८ को क्र सं ७ र स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छे ६ को दफा २४ को उपदफा १, २ र ३को अधिकार प्रयोग गरि यस गाउँपालिकाको क्षेत्रगत अनुदान वितरण कार्यविधि २०७५ जारि गरिएको हो ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम गोलन्जोर गाउँपालिकाको "क्षेत्रगत अनुदान वितरण कार्यविधि, २०७५" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) गाउँ सभा भन्नाले गोलन्जोर गाउँपालिकाको गाउँ सभालाई सम्झनु पर्दछ।

(ख) कार्यपालिका भन्नाले गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकालाई जनाउदछ।

(ग) अध्यक्ष भन्नाले गाउँपालिका अध्यक्षलाई जनाउदछ।

(घ) "कार्यविधि " भन्नाले गोलन्जोर गाउँपालिकाको क्षेत्रगत अनुदान वितरण कार्यविधि २०७५ सम्झनु पर्ने छ।

(ङ) "स्थानीय तह" भन्नाले गोलन्जोर गाउँपालिकालाई सम्झनु पर्दछ।

(च) "वडा कार्यालय" भन्नाले गोलन्जोर गाउँपालिका अन्तर्गत वडा कार्यालयहरुलाई सम्झनु पर्दछ।

(छ) "कार्यालय भन्नाले" गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ज) प्रमुख प्रशासकीय अधिकृत भन्नाले गोलन्जोर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

## परिच्छेद–२

## उद्देश्य, मापदण्ड

३. **उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन् :

(क) यस गाउँपालिकाको आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान उत्पादन मुलक छिटो प्रतिफल प्राप्त हुन जनताको जीवन स्तरमा सुधार हुने र रोजगारी बृद्धि हुने स्थानिय बासिन्दाको सहभागिता जुट्ने स्वयम सेवा परिचालन गर्न सकिने तथा कम लागतमा बढि सहभागिता हुने स्थानिय श्रोत साधनको अधिकतम उपयोग र प्रयोग हुने ग्रामिण जनताको आय आर्जन स्वरोजगार रोजगारी श्रृजना गरि सार्वजनिक निजि तथा सहकारी क्षेत्रको परिचालन तथा विकास मार्फत यस गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउने उद्धेश्यले यो क्षेत्रगत अनुदान वितरण कार्यविधि २०७५ जारी गरिएको  छ।

(ख) दिगो क्षेत्रगत विकास मार्फत यस गाउँपालिकालाई आर्थीक गतिविधि बढाई स्थानिय समुदायलाई स्वरोजगार तथा आय आर्जनमा प्रोत्साहन गराउन।

(ग) यस गाउँपालिकाको प्रति व्यक्ति आम्दानी बृद्धि गर्दै बार्षिक आर्थीक वृद्धि दरमा सुधार ल्याउन।

४. **क्षेत्रगत अनुदान वितरण प्रकृया तथा मापदण्ड देहाय बमोजिम रहेका छन्** : यस गाउँपालिकामा रहेका क्षेत्रगत लगानीका आधारमा  प्रतिफल हासिल गर्ने ईच्छुक समुह, सहकारी संस्था,गैर सरकारी क्षेत्र तथा व्यक्तिहरुको लागि तपशिलको कार्यविधि पुरा गरि अनुदान उपलब्ध गराउन सकिने छ।

(क) लगानीको लागि पुर्बाधार लगाएत आवश्यक जमिनउपयुक्त हुनु पर्ने।

(ख) बजारको सम्भावना तथा श्रोत साधनको उपलब्धता हुनु पर्ने।

(ग) संस्थागत विकास अवस्था (कर तथा विनियम वा विधान) भएको हुनु पर्नें।

(घ) व्यक्तिगत फार्मको हकमा लगानी प्रतिबद्धता र निरन्तरताको कबुलियतनामा वा स्वघोषणा पत्र (ङ) व्यक्तिगत किसानको लागि लगानी गर्दा सिप आर्थिक अवस्था र शमाबेसीतालाई आधार बनाईने छ।

(च) अनुदान ग्राही सहकारी, समुह, फार्म र व्यक्तिले गाउँपालिकाको लगानीमा दुरुपयोग गरेको पाईएमा गाउँपालिकाले अनुदान वितरणको कालो सुचिमा राखि आगामी कार्यक्रममा समाबेश नगर्ने ।

(छ) अनुदान ग्राहि लाभग्रहि वा निकायले बार्षिक १ प्रतिशत सेवा शुल्क गाउँपालिकामा बुझाउनु पर्ने ।

(ज) अनुदान ग्राहि सहकारी, , फार्मलाई सम्बन्धित क्षेत्रगत लगानीको प्रस्ताव पत्र पेश गर्नू पर्ने छ। तर किसान समुह र व्यक्तिको हकमा भने सामान्य निर्णय कार्यक्रम गतिविधिको आधारमा समेत लगानी गर्न सकिने छ।

(झ)अनुदान स्वीकृति भएपछि पशु पालनमा  विमा हुनु पर्ने ।

(ञ) नश्ल सुधार तथा उन्नत प्रविधिको प्रयोग भएको हुनु पर्ने छ।

(ट) बाख्रा पालन अनुदानको लागि सहकारी फार्मको लागि कम्तिमा ३० वटा र व्यक्तिको लागि कम्तिमा १० वटा संख्या हुनु पर्ने ।साथै भेडाको हकमा १५ वटा संख्यामा पाल्नु पर्ने छ।

(ठ) गाई र भैसीपालन अनुदानको लागि सहकारी फार्मको लागि ५ व्यक्तिको हकमा २ वटा हुनु पर्ने छ।

(ड) लोकल कुखुरापालन अनुदानको लागि कम्तिमा  १५० संख्यामा पाल्नु पर्ने छ।

(ढ) माछापालन व्यबसाय यस गाउँपालिकाको लागि नयाँ व्यबसाय भएकोले सो व्यबसायको  संचालनको लागि ९० प्रतिशत सम्म अनुदान उपलब्ध गराईने छ।

(ण) डेरी संचालन अनुदानको लागि उपयुक्त प्रविधि जडान गरि संचालन हुनु पर्ने छ।

(त) बंगुरपालन अनुदानको लागि कम्तिमा माउँ बंगुर ५ वटा र पाठा भएमा १० वटा पाल्नु पर्ने छ (थ) अनुदान ग्राहि लाभग्रहिले गाउँपालिकाबाट लिएको अनुदान तोकियको समय सिमा भित्र कार्यान्वयन गर्नु पर्ने छ। अन्यथा सो रकम आ व समाप्त भएपछि गाउँपालिकाको संचित कोषमा दाखिला हुने छ।

(द) सम्बन्धित निकायको माग र निर्णयहको आधारमा गाउँपालिकाले उचित मुल्यांकन गरि अनुदान उपलब्ध गराउँन सक्ने।

## परिच्छद–३

## अनुदान कार्यान्वय तथा वितरण सम्बन्धि व्यबस्था

**५. अनुदान कार्यान्यन तथा वितरण सम्बन्धमा देहायको प्रकृया पुरा गरि वितरण गरिने छ।**

(क) क्षेत्रगत अनुदान वितरण सम्बन्धमा प्रस्ताब तथा कार्यक्रम स्वीकृत तथा कार्यान्वय सम्बन्धमा गाउँपालिकामा देहाय बमोजिमको अनुदान स्वीकृति नियमन समिति रहने छ।

**जस्मा देहाय बमोजिम समिति हुने छ**

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष - | संयोजक |
| सामाजिक विकास शाखा संयोजक - | सदस्य |
| गाउँपालिका अध्यक्षले तोकेका व्यक्ति - | सदस्य |
| सामाजिक शाखा प्रमुख- | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत - | सदस्य सचिव |

(ख) संस्थागत विकास तथा लेखापरिक्षण सम्बन्धमाः यस गाउँपालिकाले वितरण गर्ने क्षेत्रगत अनुदान प्राप्त गर्ने सहकारी गैर सरकारी संस्था र समुहहरुले आफ्नो विधान तथा कार्ययोजनामा उल्लेखित प्रकृया पुरा गरि प्रत्येक बर्ष लेखापरिक्षण र अन्य संस्थागत गतिविधि संचालन गरेको हुनु पर्ने छ ।र पुरा नगरेको वा सम्झौता बमोजिम उपलब्धि हासिल हुन नसकेको प्रमाणित भएमा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णय बमोजिम दिएको अनुदान सरकारी बाँकि सरह असुल उपर गरिने छ।

अन्य जुन सुकै कुरा लेखिए पनि परिच्छेद ३ दफा ५ ख मा भएको व्यबस्था बाहेक गाउँपालिका तथा अनुदान वितरण तथा कार्यान्वयन समितिलाई यस गाउपालिका क्षेत्रका विपन्न समुदायको समता मुलक तथा समाबेशि विकासको लागि व्यक्तिलाई पनि लगानी गर्न बाधा पुग्ने छैन।

(ग) अनुदान वितरण सम्बन्धमा अन्य प्रकृयाः क्षेत्रगत अनुदान वितरण सम्बन्धमा कुनै बाधा अबरोध भएमा यस गाउँपालिका गाउँ कार्यपालिले बाधा अडकाउ फुकाउ गर्ने अधिकार हुने छ।

## परिच्छद–४

## अनुदान कार्यान्वय तथा वितरण सम्बन्धि व्यबस्था विविध

६. **अन्य व्यवस्थाः**

(क) गाउँपालिकालाई क्षेत्रगत अनुदान संचालन तथा व्यबस्थापन सम्बन्धमा कार्यपालिकाले थप मापदण्ड तथा कार्यविधि स्वीकृती गर्ने अधिकार हुने छ।

(ख) क्षेत्रगत अनुदान वितरण सम्बन्धमा अन्य व्यबस्था अनुदान वितरण सम्बन्धि प्रचलित कानुन बमोजिम हुने छ।

**प्रमाणीकरण मितिः** २०७५।११।२१

**आज्ञाले,**
**नारायण अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**